18-09-2024 ओम् शान्ति प्रातः मुरली "बापदादा" मधुबन

"मीठे बच्चे– तिमी हौ धरतीका चैतन्य सितारा , तिमीले सारा विश्वलाई प्रकाश दिनु छ।"

प्रश्नः– शिवबाबाले तिमी बच्चाहरूको कायालाई कञ्चन कसरी बनाउनु हुन्छ?

उत्तरः– ब्रह्मामाँद्वारा तिमीलाई ज्ञान दुध पिलाएर तिम्रो काया कञ्चन गरिदिनुहुन्छ। त्यसैले उहाँको महिमामा गायन गरिन्छ– त्वमेव माताश्च पिता....। अहिले तिमीले ब्रह्मामाँद्वारा ज्ञान दुध पिइरहेका छौ, जसबाट तिम्रा सबै पाप काटिन्छन्। आत्मा कञ्चन बन्छ।

ओम् शान्ति। रुहानी बाबाले बसेर सम्झाउनु हुन्छ– जसरी आकाशमा तारा हुन्छन्, त्यसैगरी तिमी बच्चाहरूको लागि पनि गायन गरिन्छ– यी धरतीका सितारा हुन्। उनलाई पनि नक्षत्र देवता भनिन्छ। अहिले ती कुनै देवता त होइनन्। तिमी ती भन्दा महान् बलवान हौ किनकि तिमी ताराहरूले सारा विश्वलाई प्रकाशित गर्छौ। तिमी नै देवता बन्नेवाला हौ। तिम्रो नै उत्थान र पतन हुन्छ। उनले त यस सृष्टि रङ्गमञ्चको लागि थोरै प्रकाश दिन्छन्, उनलाई कुनै देवता भनिदैन। तिमी देवता बनिरहेका छौ। तिमी सारा विश्वलाई प्रकाशित गर्नेवाला हौ। अहिले सारा विश्वमा घोर अन्धकार छ। पतित बनेका छन्। अहिले बाबा तिमी मीठा-प्यारा बच्चाहरूलाई देवता बनाउन आउनु हुन्छ। भक्तहरूले त सबैलाई देवता मान्छन्। सूर्यलाई पनि देवता भनिदिन्छन्। कहीं-कहीँ सूर्यको झण्डा पनि लगाउँछन्। आफूलाई सूर्यवंशी पनि कहलाउँछन्। वास्तवमा तिमी सूर्यवंशी हौ नि। बाबा बसेर तिमी बच्चाहरूलाई सम्झाउनु हुन्छ। भारतवर्षमा नै घोर अन्धकार भएको छ। अब यसमा उज्यालो हुनुपर्छ। बाबाले तिमी बच्चाहरूलाई ज्ञान अञ्जन दिइरहनु भएको छ। तिमी अज्ञान निद्रामा सुतेका थियौ, बाबा आएर फेरि जगाउनु हुन्छ। भन्नुहुन्छ– ड्रामा योजना अनुसार कल्प-कल्पको पुरुषोत्तम सङ्गमयुगमा म फेरि आउँछु। यो पुरुषोत्तम सङ्गमयुग कुनै पनि शास्त्रमा छैन। यस युगलाई अहिले तिमी बच्चाहरूले नै जानेका छौ, जबकि तिमी सिताराहरू फेरि देवता बनिरहेका छौ। तिमीलाई भनिन्छ नक्षत्र देवताय नमः। अहिले तिमी पुजारीबाट पूज्य बन्छौ। त्यहाँ तिमी पूज्य बन्छौ, यो पनि बुझ्ने कुरा हो नि। यसलाई रुहानी पढाइ भनिन्छ। यसमा कहिल्यै कसैको लडाइँ हुँदैन। शिक्षक बाबाले साधारण रीतिले पढाउनु हुन्छ र बच्चाहरूले पनि साधारण रीतिले पढ्छन्। यसमा कहिल्यै कसैको लडाइँको कुरै होइन। यिनले म नै भगवान हुँ भनेर कहाँ भन्छन् र! तिमी बच्चाहरूले पनि जानेका छौ– पढाउनेवाला निराकार शिवबाबा हुनुहुन्छ। उहाँको आफ्नो शरीर छैन। भन्नुहुन्छ– मैले यो रथ सापटी लिन्छु। भागीरथ पनि किन भनिन्छ? किनकि यिनी धेरै धेरै भाग्यशाली रथ हुन्। यिनै फेरि विश्वको मालिक बन्छन्, त्यसैले भागीरथ ठहरिए नि। सबैको अर्थ बुझ्नुपर्छ नि। यो हो सबैभन्दा ठूलो पढाइ। दुनियाँमा त झुटै झुटो छ नि। भनाइ पनि छ नि– सत्यको नाउ हल्लिन्छ...। आजकाल त अनेक प्रकारका भगवान निस्केका छन्। आफूलाई मात्रै होइन, ढुङ्गा माटोलाई पनि भगवान भनिदिन्छन्। भगवानलाई कति भड्काइदिएका छन्। बाबा बसेर सम्झाउनु हुन्छ, जसरी लौकिक पिताले पनि बच्चाहरूलाई सम्झाउँछन्। तर उनी यस्तो हुँदैनन्, जो पिता पनि हुन्, शिक्षक पनि हुन् र उनै गुरु पनि हुन्। पहिला पिताको पासमा जन्म लिन्छन्, फेरि थोरै ठूलो भएपछि शिक्षक चाहिन्छ पढाउनको लागि। फेरि ६० वर्षपछि गुरु चाहिन्छ। यहाँ त एउटै पिता, शिक्षक, सद्‌गुरु हुनुहुन्छ। भन्नुहुन्छ– म तिमी आत्माहरूको पिता हुँ। पढ्छ पनि आत्माले। आत्मालाई आत्मा भनिन्छ। बाँकी शरीरहरूका अनेक नाम छन्। ख्याल गर– यो हो बेहदको नाटक। बनीबनाऊ बनिरहेको छ... कुनै नयाँ कुरा होइन। यो अनादि बनीबनाऊ नाटक हो जुन घुमिरहन्छ। कलाकार आत्मा हुन्। आत्मा कहाँ रहन्छ? भन्छन्– हामी आफ्नो घर परमधाममा रहन्छौं, फेरि हामी यहाँ आउँछौं बेहदको पार्ट खेल्न। बाबा त सदैव त्यहाँ नै रहनुहुन्छ। उहाँ पुनर्जन्ममा आउनुहुन्न। अहिले तिमीलाई रचयिता बाबाले आफ्नो र रचनाको सार सुनाउनु हुन्छ। तिमीहरूलाई भन्नुहुन्छ– स्वदर्शन चक्रधारी बच्चाहरू। यसको अर्थ पनि अरू कसैले बुझ्न सक्दैनन् किनकि उनले त सम्झन्छन्– स्वदर्शन चक्रधारी विष्णु हुनुहुन्छ, यिनले फेरि मनुष्यलाई किन भन्छन्? यो त तिमीले जानेका छौ। शूद्र थियौ, त्यतिबेला पनि मानिस नै थियौ, अहिले ब्राह्मण बनेका छौं, तापनि मानिस नै हौं, फेरि देवता बन्छौं, फेरि पनि मानिस नै रहन्छौं। तर चरित्र परिवर्तन हुन्छ। रावण आएपछि तिम्रो चरित्र कति बिग्रिन्छ। सत्ययुगमा यो विकार हुँदैन।

अहिले बाबाले तिमी बच्चाहरूलाई अमरकथा सुनाइरहनु भएको छ। भक्तिमार्गमा तिमीले कति कथाहरू सुन्यौ होला। भन्ने गर्छन्– अमरनाथले पार्वतीलाई कथा सुनाउनु भयो। ठीक छ, उनलाई त शङ्करले सुनाए नि। शिवले कसरी सुनाउनु हुन्छ? कति धेरै मानिसहरू जान्छन् सुन्नको लागि। यो भक्तिमार्गको कुरा बाबा बसेर सम्झाउनु हुन्छ। बाबाले यस्तो भन्नुहुन्न– भक्ति कुनै नराम्रो हो। होइन, यो त ड्रामा जुन अनादि छ, त्यो सम्झाइन्छ। अहिले बाबा भन्नुहुन्छ– एक त आफूलाई आत्मा सम्झ। मूल कुरा नै यही हो। भगवानुवाच– मनमनाभव। यसको अर्थ के हो? यो कुरा बाबा बसेर मुखद्वारा सुनाउनु हुन्छ, त्यसैले यो गोमुख हो। यो पनि सम्झाइन्छ– त्वमेव माता च पिता.... उहाँलाई नै भनिन्छ। त्यसैले यी माताद्वारा तिमीहरू सबैलाई एडप्ट गरेको छु। शिवबाबा भन्नुहुन्छ– यस मुखद्वारा तिमी बच्चाहरूलाई ज्ञान दुध पिलाउँछु, अनि तिम्रा जुन पाप छन्, ती सबै भस्म भएर आत्मा कञ्चन बन्छ। अनि काया पनि कञ्चन मिल्छ। आत्माहरू बिल्कुल पवित्र कञ्चन बन्छन्, फेरि बिस्तारै-बिस्तारै सिँढी उत्रिन्छन्। अहिले तिमीले बुझिसकेका छौ– हामी आत्माहरू पनि कञ्चन थियौं, शरीर पनि कञ्चन थियो, फेरि ड्रामा अनुसार हामी ८४ को चक्रमा आयौं। अहिले कञ्चन छैन। अहिले त ९ क्यारेट भनिन्छ, बाँकी थोरै प्रतिशत बचेको छ। एकदम प्राय:लोप भनिँदैन। केही न केही शान्ति हुन्छ। बाबाले यो निसानी पनि बताउनु भएको छ। लक्ष्मी-नारायणको चित्र हो नम्बरवन। अहिले तिम्रो बुद्धिमा सारा चक्र आएको छ। बाबाको परिचय पनि आइसकेको छ। बन्न त तिम्रो आत्मा पूरा कञ्चन बनिसकेको छैन, तर बाबाको परिचय त बुद्धिमा छ नि। कञ्चन हुने युक्ति बताउनु हुन्छ। आत्मामा जुन मैला परेको छ, त्यो कसरी निकाल्न सकिन्छ? त्यसको लागि यादको यात्रा हो। यसलाई भनिन्छ युद्धको मैदान। तिमी हरेक युद्धको मैदानमा स्वतन्त्र सिपाही हौ। अब हरेकले जति चाह्यो त्यति पुरुषार्थ गर्नुछ। पुरुषार्थ गर्नु त विद्यार्थीको काम हो। जहाँ जाऊ, एक अर्कालाई सावधान गर्दै गर– मनमनाभव। शिवबाबाको याद छ? एक अर्कालाई यही इसारा दिनु छ। बाबाको पढाइ इसारा हो। त्यसैले त बाबा भन्नुहुन्छ– एक सेकेण्डमा काया कञ्चन हुन्छ। विश्वको मालिक बनाइदिन्छु। बाबाको बच्चा बने भने विश्वको मालिक भए। फेरि विश्वमा हुन्छ बादसाही। त्यसमा उच्च पद प्राप्त गर्नु– यो हो पुरुषार्थ गर्नु। बाँकी सेकेण्डमा जीवनमुक्ति। अधिकार त हो नि। पुरुषार्थ गर्नु स्वयंमा निर्भर छ। तिमीले बाबालाई याद गर्दै जाऊ, आत्मा एकदम पवित्र हुन्छ। सतोप्रधान बनेर सतोप्रधान दुनियाँको मालिक बन्छौ। कति पटक तिमी तमोप्रधानबाट फेरि सतोप्रधान बनेका हौ! यो चक्र घुमिरहन्छ। यसको कहिल्यै अन्त्य हुँदैन। बाबाले कति राम्रोसँग बसेर सम्झाउनु हुन्छ। भन्नुहुन्छ– म कल्प-कल्प आउँछु। तिमी बच्चाहरूले मलाई फोहोरी दुनियाँमा निमन्त्रण दिन्छौ। के निमन्त्रण दिन्छौ? भन्छौ– हामी जो पतित बनेका छौं, हजुर आएर पावन बनाउनुहोस्। वाह तिम्रो निमन्त्रण! भन्छौ– हामीलाई शान्तिधाम-सुखधाममा लिएर जानुहोस्। त्यसैले तिम्रो आज्ञाकारी सेवक हुँ। यो पनि ड्रामाको खेल हो। तिमीले सम्झन्छौ– हामीले कल्प-कल्प उही पढ्छौं, पार्ट खेल्छौं। आत्माले नै पार्ट खेल्छ। यहाँ बसेर पनि बाबा आत्माहरूलाई देख्नुहुन्छ। सिताराहरूलाई हेर्नुहुन्छ। कति सानो आत्मा छ, जसरी ताराहरूको झिलीमिली हुन्छ। कुनै तारा धेरै चम्किलो हुन्छ, कुनै कम। कुनै चन्द्रमाको समीप हुन्छन्। तिमी पनि योगबलबाट राम्रोसँग पवित्र बन्यौ भने चम्किन्छौ। बाबा पनि भन्नुहुन्छ– बच्चाहरूमा जुन धेरै राम्रा नक्षत्र छन्, उनलाई फूल देऊ। बच्चाहरूले पनि एक अर्कालाई जानेका छन् नि। वास्तवमा कुनै धेरै तीक्ष्ण हुन्छन्, कुनै मन्दबुद्धिका हुन्छन्। ती ताराहरूलाई देवता भन्न सकिँदैन। तिमी पनि हौ मनुष्य। तर तिम्रो आत्मालाई बाबाले पवित्र बनाएर विश्वको मालिक बनाउनु हुन्छ। बाबाले वर्सामा कति तागत दिनुहुन्छ। बाबा सर्वशक्तिमान हुनुहुन्छ नि। बाबा भन्नुहुन्छ– मैले तिमी बच्चाहरूलाई यति शक्ति दिन्छु। गायन पनि गर्छन् नि– शिवबाबा हजुरले त हामीलाई बसेर पढाइद्वारा मनुष्यबाट देवता बनाउनु हुन्छ। वाह! यस्तो त कसैले पनि बनाउँदैन। पढाइ कमाईको स्रोत हो नि। सारा आकाश, धरती आदि सबै हाम्रै हुन्छन्। कसैले छिन्न सक्दैन। यसलाई भनिन्छ अडोल राज्य। कसैले पनि खण्डन गर्न सक्दैन। कसैले जलाउन सक्दैन। यस्ता बाबाको श्रीमतमा चल्नुपर्छ नि। हरेकले आफै पुरुषार्थ गर्नु छ।

बच्चाहरूले म्युजियम आदि बनाउँछन्– यी चित्र आदिद्वारा साथीहरूलाई सम्झाउँछन् । बाबाले निर्देशन दिइरहनु हुन्छ– जुन चित्र चाहिन्छ ठीक छ, बनाऊ। काम त सबैको बुद्धिले गर्छ। मानिसहरूको कल्याणको लागि नै यो बनाइन्छ। तिमीलाई थाहा छ– सेन्टरमा जब कोही आए भने अब यस्तो के युक्ति रचौं, जसले गर्दा मानिसहरूले आफै मिठाई लिन आऊन्। कसैको मिठाई राम्रो छ भने त विज्ञापन पनि राम्रो हुन्छ। सबैले एक अर्कालाई भन्छन् फलानो दोकानमा जाऊ। यो त एकदम राम्रो नम्बरवन मिठाई हो। यस्तो मिठाई कसैले दिन सक्दैन। एउटाले देखेर गयो भने अरूलाई पनि सुनाउँछ। ख्याल त चल्छ– सारा विश्व कसरी गोल्डेन एजमा आउने छ, त्यसको

लागि कति सम्झाउनु हुन्छ। तर पत्थरबुद्धि छन्, मेहनत त लाग्छ नि। शिकार गर्न पनि सिक्नुपर्छ नि। पहिला सानो सिकार गर्न सिकाउँछन्। ठुलो सिकारको लागि त तागत चाहिन्छ नि। कति ठुला-ठुला विद्वान् पण्डित छन्। वेद-शास्त्र आदि पढेका छन्। आफूलाई कति महान् ज्ञाता सम्झन्छन्। बनारसमा उनीहरूलाई कति ठुला ठुला पदवी (टाइटल) मिल्छ। बाबाले सम्झाउनु भएको थियो– पहिला बनारसमा त सेवाको घेराउ गर। ठुलाको आवाज निस्कियो भने कसैले सुन्छन्। सानाको कुरा कसैले सुन्दैनन्। महावीरहरूले सम्झाउनु पर्छ, जसले आफूलाई शास्त्रहरूको ज्ञाता सम्झन्छन्। कति ठुला-ठुला पदवी दिन्छन्। शिवबाबाका पनि यति टाइटल छैनन्। भक्तिमार्गको राज्य छ नि, फेरि हुन्छ ज्ञानमार्गको राज्य। ज्ञानमार्गमा भक्ति हुँदैन। फेरि भक्तिमा ज्ञान बिल्कुलै हुँदैन। यो कुरा बाबाले सम्झाउनु हुन्छ, बाबाले पनि यस्तैलाई हेर्नुहुन्छ, सम्झनुहुन्छ– यी सितारा बसेका छन्। देहको भान छोडिदिनु छ। जसरी माथि ताराहरूको झिलिमिली हुन्छ, त्यसैगरी यहाँ पनि झिलिमिली भएको छ। कुनै कुनै धेरै प्रकाश दिने बनेका छन्। यी हुन् धरतीका सितारा, जसलाई नै देवता भनिन्छ। यो कति ठुलो बेहदको मण्डप (रङ्गमञ्च) हो। बाबा सम्झाउनु हुन्छ– त्यो हो हदको रात र दिन। यो हो फेरि आधाकल्पको रात, आधाकल्पको दिन, बेहदको। दिनमा सुख नै सुख हुन्छ। कहीँ पनि धक्का खानु पर्ने आवश्यकता हुँदैन। ज्ञानमा हुन्छ सुख, भक्तिमा हुन्छ दु:ख। सत्ययुगमा दु:खको नाम हुँदैन। त्यहाँ काल नै हुँदैन। तिमीले कालमाथि विजय प्राप्त गर्छौ। मृत्युको नाम हुँदैन। त्यो हो अमरलोक। तिमीलाई थाहा छ– बाबाले हामीलाई अमरकथा सुनाइरहनु भएको छ, अमरलोकको लागि। अब तिमी मीठा-प्यारा बच्चाहरूलाई माथिदेखि लिएर सारा चक्र बुद्धिमा छ। जानेका छौ– हामी आत्माहरूको घर हो ब्रह्मलोक। त्यहाँदेखि यहाँ आउँछौं नम्बरवार पार्ट खेल्न। धेरै आत्माहरू छन्, एक एकको बारेमा कहाँ बताउँछु र! छोटकरीमा बताउँछु। कति हाँगाबिँगा छन्। पलाउँदा-पलाउँदा वृक्ष ठुलो हुन्छ। धेरै छन् जसलाई आफ्नो धर्मको बारेमा पनि थाहा छैन। बाबा आएर सम्झाउनु हुन्छ, तिमी वास्तवमा दैवी-देवता धर्मका हौ। तर अब धर्मभ्रष्ट, कर्मभ्रष्ट बनेका छौ।

अब तिमी बच्चाहरूको बुद्धिमा छ– हामी वास्तवमा शान्तिधामका निवासी हौं, फेरि आउँछौं पार्ट खेल्न। यी लक्ष्मी-नारायणको राज्य थियो, यिनको डिनायस्टी थियो। फेरि अहिले सङ्गमयुगमा खडा छौ। बाबाले बताउनु भएको छ– तिमी सूर्यवंशी थियौ, फेरि चन्द्रवंशी बन्यौ। बाँकी बीचमा त छन् उपकथाहरू। यो खेल हो बेहदको। यो वृक्ष कति सानो छ। ब्राह्मणहरूको कुल हो। फेरि कति ठुलो हुँदै जान्छ, सबैलाई देख्न, भेट्न पनि सकिँदैन। जहाँतहाँ घेराउ गर्दै जान्छन्। बाबा भन्नुहुन्छ– दिल्लीमा, बनारसमा घेराउ गर। फेरि भन्नुहुन्छ– तिमी सारा दुनियाँलाई घेराउ गर्नेवाला हौ। तिमीले योगबलद्वारा सारा दुनियाँमा एक राज्यको स्थापना गर्छौ, कति खुसी हुन्छ। कोही कहाँ, कोही कहाँ गइरहन्छन्। अहिले तिम्रो कुनै कुरा सुन्दैनन्। जब ठुला-ठुला व्यक्ति आउने छन्, अखबारहरूमा छापिन्छ, तब बुझ्छन्। अहिले सानो सानो सिकार हुन्छ। ठुलाबडा धनवानहरूले त सम्झन्छन् स्वर्ग हाम्रो लागि यहाँ नै छ। गरिबले आएर वर्सा लिन्छन्। भन्छन्– बाबा मेरो त एक हजुर, दोस्रो न कोही। तर जब मोह, ममत्व सारा दुनियाँबाट टुटे त हो नि। अच्छा!

मीठे-मीठे सिकीलधे बच्चाहरूप्रति माता-पिता बापदादाको याद-प्यार एवं गुडमर्निङ्ग। रुहानी बाबाको रुहानी बच्चाहरूलाई नमस्ते। रुहानी बच्चाहरूको रुहानी बाबालाई गुडमर्निङ्ग, नमस्ते।

धारणाको लागि मुख्य सार:–

१) आत्मालाई कञ्चन बनाउनको लागि एक-अर्कालाई सावधान गर्नु छ। मनमनाभवको इसारा दिनु छ। योगबलले पवित्र बनेर चमकदार सितारा बन्नु छ।

२) यस बेहदको बनीबनाऊ नाटकलाई राम्रोसँग बुझेर स्वदर्शन चक्रधारी बन्नु छ। ज्ञान अञ्जन दिएर मानिसहरूलाई अज्ञानको घोर अन्धकारबाट निकाल्नु छ।

वरदान:– बालक सो मालिकपनको स्मृतिले सर्व खजानाहरूलाई आफ्नो बनाउने स्वराज्य अधिकारी भव

यस समयमा तिमी बच्चाहरू केवल बालक होइनौ, बालक सो मालिक हौ, एक स्वराज्य अधिकारी मालिक र अर्को बाबाको वर्साको मालिक। जब स्वराज्य अधिकारी हौ भने सर्व कर्मेन्द्रियहरू स्व को अर्डर प्रमाण चल्नु पर्छ। तर समय प्रतिसमय मालिकपनको स्मृतिलाई भुलाएर वशमा पार्नेवाला यो मन हो। त्यसैले बाबाको मन्त्र छ मनमनाभव। मनमनाभव रहेमा कुनै पनि व्यर्थ कुराको प्रभाव पर्ने

छैन र सर्व खजाना आफ्नो अनुभव हुन्छ।

स्लोगनः– परमात्म-स्नेहको झुलामा उड्ती कलाको मौज मनाउनु– यो नै सबैभन्दा श्रेष्ठ भाग्य हो।